# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०६१ सालको अध्यादेश नं. २५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### ऋण तथा जमानत ऐन, २०२५ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना : ऋण तथा जमानत ऐन, २०२५ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस अध्यादेशको नाम "ऋण तथा जमानत (पन्ध्रौं संशोधन) अध्यादेश, २०६१" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. ऋण तथा जमानत ऐन, २०२५ को दफा ३ मा संशोधन : ऋण तथा जमानत ऐन, २०२५ को दफा ३ को उपदफा (१) मा रहेका "दुई खरब पचास अरब रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "दुई खरब पचहत्तर अरब रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

३. बचाउः सम्वत २०६१ साल श्रावण १ गते जारी भएको ऋण तथा जमानत (पन्ध्रौं संशोधन) अध्यादेश, २०६१ बमोजिम भए गरेको काम कारबाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।

लालमोहर सदर मितिः २०६१।१०।१६

आज्ञाले,
डा. कुलरत्न भूर्तेल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्यः ७।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२०६